# भ्रष्टाचार र मिडिया

## काण्ड, पात्र, प्रवृत्ति र विश्लेषण



सेन्टर फर मिडिया रिसर्च-नेपाल

# भ्रष्टाचार र मिडिया

## काण्ड, पात्र, प्रवृत्ति र विश्लेषण

सेन्टर फर मिडिया रिसर्च-नेपाल

**भ्रष्टाचार र मिडिया** : काण्ड, पात्र, प्रवृत्ति र विश्लेषण
सम्पादन : तिलक पाठक/भुवन केसी
भाषा : रघुनाथ लामिछाने
लेआउट : विपेन्द्र घिमिरे
कभर डिजाइन : बासु क्षितिज
प्रकाशन वर्ष : २०८१
ISBN : 9789937171359
DOI : https://doi.org/10.62657/cmr10214

**प्रकाशक**

Center for Media Research NEPAL

सेन्टर फर मिडिया रिसर्च-नेपाल
वेब : https://research.butmedia.org/
सामाजिक सञ्जाल : CMRNepal
इमेल : cmrnepal@butmdia.org
© सेन्टर फर मिडिया रिसर्च-नेपाल

**सहयोग**

PURAK ASIA

पुरक एसिया
७७ कुँवर मार्ग, काठमाडौँ-३१
इमेल : info@purakasia.org

*यो पुस्तक पुरक एसियाको सहयोगमा तयार पारिएको हो। यस पुस्तकमा व्यक्त गरिएका विचार, व्याख्या र निष्कर्ष लेखक स्वयंका हुन्। यद्यपि त्यसमा पुरक एसिया सहमत नहुन सक्छ।*

# विषयसूची


**भ्रष्टाचार र मिडिया** १-१८
*तिलक पाठक*

**नेपालमा भ्रष्टाचार : नीति र नियत** २१-६०
*दीपक अर्याल/राजीवरञ्जन सिंह*

**भ्रष्टाचारका ठूला काण्ड** ६३-१२५
*हरिबहादुर थापा*

**मिडियामा भ्रष्टाचारका मुद्दा** १२९-१७१
*भुवन केसी/चेतना कुँवर/जनार्दन नेपाल*

**कोकाकोला कर छली प्रकरण र मिडिया प्रवृत्ति** १७५-२०१
*डा. दिपेशकुमार घिमिरे*

**सिसिटिभी काण्डमा खोजी पत्रकारिता** २०५-२५४
*भुवन केसी/शकुन्तला लोथ्याल*

**भ्रष्टाचारविरुद्धका कार्टुन र प्रतीकको विविधता** २५७–२८७
*डा. कुन्दन अर्याल*

**नेपालमा भ्रष्टाचार नियन्त्रण : कानुनी व्यवस्था र अभ्यास** २९१–३३७
*तेजमान श्रेष्ठ*

**लेखक परिचय** ३३८–३३९

# भ्रष्टाचारविरुद्धका कार्टुन र प्रतीकको विविधता

डा. कुन्दन अर्याल

https://doi.org/10.62657/cmr10214g


भ्रष्टाचार

## परिचय

पत्रकारितामा मूलत: समाजका विविध क्षेत्रमा देखापर्ने बिकृति/विसङ्गतिमाथि व्यङ्ग्य गर्न कार्टुनको प्रयोग हुँदै आएको छ । पत्रकारितामा शब्द, तस्बिर, श्रव्य र दृश्यको जस्तै कार्टुनको पनि विशेष महत्त्व छ । भ्रष्टाचारलगायत समाजमा देखिने यावत गलत प्रवृत्ति र आचारमाथि चोटिलो व्यङ्ग्य गर्दै खबरदारी गर्ने, जनचेतना जगाउने, सुधारको सन्देश प्रवाह गर्ने शक्ति कार्टुनमा हुन्छ । समय, सन्दर्भ, परिवेश र विषय अनुकूलका उपयुक्त प्रतीकको छनोटले कार्टुनिस्टको सिर्जनशील प्रस्फुटनलाई शक्तिशाली बनाउँछन् ।

कार्टुनिस्टहरू विशेषत: आफू आबद्ध मिडिया आउटलेटका लागि कार्टुन तयार पार्छन् । तर कतिपय अवस्थामा निश्चित विषयमा केन्द्रित भएर कार्टुन तयार पार्ने र त्यसलाई प्रदर्शनीमार्फत जनताबीच पुऱ्याउन प्रयास गरेको पनि पाइन्छ। त्यस्ता विविध विषयमध्ये भ्रष्टाचार पनि एक हो। भ्रष्टाचारलाई नेपाली कार्टुन कलाको इतिहासमा सुरुवातकालदेखि नै एक महत्त्वपूर्ण विषयका रूपमा समेटिँदै आएको देखिन्छ। किनकि नेपाली पत्रकारितामा भ्रष्टाचारको विषयले स्वाभाविकरूपमा धेरै स्थान पाउँदै आएको छ । पञ्चायती व्यवस्थाको अन्त्य हुनुको एउटा प्रमुख कारण भ्रष्टाचारप्रतिको जनताको आक्रोश थियो भन्ने धारणासहित थापा (सन् २००२ ) लेख्छन्, '०४८ सालको निर्वाचनपछि बनेको सरकारले गरेको सुरुवातका निर्णयहरूमध्ये प्रधानमन्त्रीलगायत सम्पूर्ण मन्त्रीहरूको सम्पत्ति

विवरण सार्वजनिक गर्ने निर्णय पनि थियो (पृ.१३८) । तर, त्यसपछिका कुनै पनि सरकारका सबै मन्त्रीहरूले सम्पत्ति विवरण बुझाएनन् भन्ने उल्लेख गर्दै उनी लेख्छन्, '०४६ सालपछि देखिएका उनीहरूका अकुत सम्पत्ति नै भ्रष्टाचारको खुला प्रमाण हो (पृ. १३८-१३९) ।

रेग्मी (सन् २००१) ले नेपालमा ज्यादै चलनचल्तीका भ्रष्टाचारका प्रकारहरूको गणना गरेका छन्। उनका अनुसार झुटो बिलका आधारमा सार्वजनिक कोषको अपचलन, सार्वजनिक सम्पत्तिको हडप, कुनै कार्य वा सेवाको करारको भुक्तानीमा कमिसन र सार्वजनिक सम्पत्तिको विनाअख्तियारी प्रयोग वा दुरुपयोग केही उदाहरण हुन् । त्यसैगरी कर छल्ने प्रयोजनका लागि हुने गरेको राजनीतिक व्यक्ति, तस्कर र कर्मचारीबीचको गैरकानुनी गठबन्धन, राजस्व भुक्तानीमा अवाञ्छित सहुलियत लिन राजस्व अधिकारीहरूलाई घुस, शक्तिमा रहेकाहरूलाई घुस खुवाउन बिचौलियाहरूको प्रयोग, घुस खुवाउनेहरूको फाइदाका लागि नियम र कानुनहरूको अपव्याख्या पनि भ्रष्टाचारका उदाहरण हुन् । सेवाग्राहीलाई घुस दिन बाध्य पार्ने नियतले गरिने सरकारी फाइलको ढिलासुस्ती, अपराधको प्रमाण नष्ट गरिने कार्य, सरकारी वा कूटनीतिक वा अन्य हैसियतमा प्राप्त विशेषाधिकारको दुरुपयोग, वैदेशिक मुद्राको गलत प्रयोग, गैरकानुनीरूपमा नक्कली राहदानी, नागरिकताको प्रमाणपत्र वा अन्य प्रमाणपत्रहरू जारी गर्ने कार्य, राजस्व सङ्कलनको जिम्मेवारी सम्हाल्नुपर्ने पदमा नै बढाबढका आधारमा जसले बढी घुस ख्वाउँछ उसैलाई बहाल गर्ने कार्य, सरकारी कर्मचारीको नियुक्ति, सरुवा र बढुवाका लागि टेवुलमुनिबाट भुक्तानी ग्रहण र सार्वजनिक पदमा नियुक्ति गरेबापत आर्थिक लाभ गर्नु जस्ता अनियमितताहरू बढी चल्तीमा रहेका भ्रष्टाचारका नमुनाहरू हुन् (पृ.९९-१००) । सुन तस्करीमा नेता, कर्मचारी र प्रहरीको संलग्नता नेपालमा भ्रष्टाचारका सन्दर्भमा ज्यादै चल्तीको अर्को विषय हो ।

आचार्य (२०७९) भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ देखि २३ सम्म उल्लेख गरिएका भ्रष्टाचारका प्रकारबारे उल्लेख गर्दै लेख्छन्, ...महासन्धि र कानुनहरूले जतिसुकै विवरण दिए पनि मूल रूपमा

भ्रष्ट कार्य दुई वटा मात्र हुन्छन्, घुसखोरी र सार्वजनिक सम्पत्तिको हिनामिना । उनी थप्छन्, अरू सबै त्यसैअन्तर्गत पर्छन् । प्रभावको दुरुपयोग, कर्तव्यको दुरुपयोग, गलत लिखत तयार, गलत अनुवाद, सरकारी कागजात सच्याउने, सरकारी वा सार्वजनिक संस्थाको कागजात नोक्सान, प्रश्नपत्रको गोपनीयता भङ्ग वा परीक्षाको परिणाम फेरबदल, नपाएको ओहोदा पाएँ भन्ने जस्ता कार्य गरेर वा राजस्व छली गर्दा दुईवटा मात्र परिणाम आउँछन् । ती दुई परिणाममा कि कसैले घुस लिएको हुन्छ कि त सार्वजनिक सम्पत्तिको हिनामिना गरेको हुन्छ । उनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको एकतीसौँ प्रतिवेदन, २०७७/७८ लाई उद्धृत गर्दै भ्रष्ट कार्यविरुद्ध घुस, झुटा प्रमाणपत्र, गैरकानुनी सम्पत्ति आर्जन, सार्वजनिक सम्पत्तिको हानि/नोक्सानी, गैरकानुनी लाभ वा हानि पुर्‍याउने काम, राजस्व चुहावट र अन्त्यमा सरकारी कागजात किर्ते, परीक्षाफल फरक पार्ने र उत्तर पुस्तिका सच्याउने कार्य जस्ता सात किसिमका मुद्दा दायर हुने गरेको बताउँछन् (पृ.१६-१७) ।

सामाजिक, राजनीतिक, सांस्कृतिकलगायत मानव समाजसँग सरोकार राख्ने विविध विषय कार्टुनका आधार बन्न सक्छन् । त्यसैले कार्टुनिस्टको विचारमा शासन होस् या प्रशासन, शक्ति वा आशक्ति, विकृति होस् या कुरीति, अर्थात् यो संसारका लागि नकार मानिएका विषय कार्टुनका मुख्य खुराक हुन् (थुम्केली, २०७७) । त्यसैले भ्रष्टाचारका यी विविध रूपहरूका सम्बन्धमा आमसञ्चार माध्यमहरूमा छाउने कार्टुनहरूमार्फत नेपाली समाजमा निकै प्रभावकारी चर्चा, परिचर्चा र सम्वाद हुँदै आएको छ ।

## अध्ययन विधि र सीमितता

कार्टुनिस्ट क्लबले निसाना शीर्षकअन्तर्गत २०७९ साल वैशाखदेखि २०७९ साल भदौसम्ममा काठमाडौँ, विराटनगर, जनकपुर, पोखरा, बुटवल, सुर्खेत र धनगढीमा भ्रष्टाचारविरुद्ध कार्टुन प्रदर्शनीमा समावेश गरेका कार्टुनहरूमा भ्रष्टाचारका उल्लिखित प्रकारहरू कुनै न कुनै रूपमा समेटिएका छन् । क्लबले ३६ जना कार्टुनिस्टलाई विविध क्षेत्रमा हुने भ्रष्टाचारसँग सम्बन्धित कार्टुनहरू तयार पार्न प्रोत्साहित गर्दै तीमध्ये

५० वटालाई अन्तिम छनोटमा पारेको थियो । यो अध्ययन प्रदर्शनीमा समावेश तिनै कार्टुनमा केन्द्रित छ । नेपालका समकालीन कार्टुनिस्टहरूले बनाएका भ्रष्टाचारविरुद्धका कार्टुनमा प्रयुक्त प्रतीक र नेपाली पाठकको सामाजिक/सांस्कृतिक संसारबीचको तादात्म्यता कस्तो छ भन्ने मूल प्रश्नको सेरोफेरोमा रहेर यो अनुसन्धान गरिएको छ ।

कार्टुन कलाका ५ वटा आधारभूत तत्त्वमध्येको १ प्रतीकवादलाई कार्टुनहरूको विश्लेषणको आधार बनाइएको छ । कार्टुनमा प्रयुक्त प्रतीकलाई स्वतन्त्र चरका रूपमा लिइएको छ भने प्रतीकका कारण सिर्जित सन्देशको बोधगम्यताको स्तरलाई निर्भर चर मानिएको छ । तर प्रतीकको प्रयोगबाट सिर्जना हुने सन्देशको स्पष्टता र अस्पष्टताका सर्न्दभमा अध्येतामा परेको छापलाई नै आधार मानिएको छ ।

कार्टुनमा पाठक/दर्शकको मत सङ्कलन गरिएको छैन जसलाई यो अध्ययनको मुख्य सीमितता पनि मान्न सकिन्छ । यो लेखमा सम्पादकीय कार्टुन, कार्टुनमा प्रतीक, नेपालमा भ्रष्टाचारका विषयमा कार्टुन : हिजो र आज, कार्टुनमा संवेदनशीलता र विषयको विविधताबारे चर्चा गरिएको छ । त्यसपछि अध्ययनको मूल भाग कार्टुन र प्रतीकमा विविधता र अन्तिममा निष्कर्ष प्रस्तुत गरिएको छ ।

## सम्पादकीय कार्टुन

पत्रकारितामा धारणा अभिव्यक्त गर्न जोकोही स्वतन्त्र छ तर तथ्यहरू त पूज्य हुन्छन् (स्कट, सन् १९९७, पृ.१०८) । बहुलवादी समाजमा कुनै घटना वा सन्दर्भमा टिप्पणी फरक फरक हुनुलाई स्वाभाविक मानिन्छ । तर सत्य-तथ्यलाई तोडमोड गरिनुहुँदैन । चित्रात्मक टिप्पणी वा धारणाका सन्दर्भमा पनि यही कुरा लागु हुन्छ । समसामयिक वा जल्दोबल्दो विषयमा बनाइने कार्टुनलाई त्यसैकारण सम्पादकीय कार्टुन भन्ने गरिएको हो ।

जसरी एउटा सम्पादकीयमा यथार्थ अवलोकनमा आधारित जायज र तर्कसङ्गत धारणासहितको विश्लेषणको अपेक्षा गरिन्छ, त्यसैगरी एउटा आदर्श सम्पादकीय कार्टुन व्यङ्ग्यात्मकरूपमा गरिएको स्वच्छ प्रस्तुतिकै कारण प्रभावशाली हुन पुग्छ । त्यसैले व्यङ्ग्य वस्तुगत अवस्थामा

आधारित हुनुपर्छ अर्थात सत्य सूचनामा आधारित भएर नै कुनै प्रवृत्तिमाथि व्यङ्ग्य गरिनुपर्दछ । प्रवृत्तिलाई दर्शाउन कार्टुनमा व्यक्तिको चित्रण र प्रतीकहरूको प्रयोग गरिन्छ । कार्टुनलाई प्रभावकारी बनाउन प्रायः भनाइ र गराइबीचको खाडलतर्फ सङ्केत गरिन्छ । समाजको प्रवृत्ति वा विसङ्गतिप्रतिको प्रतिक्रिया हाँस्यमा व्यक्त गर्ने क्रममा अतिरञ्जना स्वाभाविक मानवीय गुण अनुकूल नै ठहरिन्छ ।

समसामयिक घटनाक्रम र घटना वा प्रक्रियाप्रधान समाचारमा असङ्गतिको उजागर गरेर जनतालाई सुसूचित गर्नु पत्रकारिताको धर्म नै हो । त्यसरी उजागर भएको प्रवृत्तिको आलोचना गर्दै लेख, टिप्पणी वा धारणा प्रकाशित हुन सक्छन् र कार्टुनसमेत बन्न सक्छन् । तर कतिपय बेला सूचना प्रसार गर्ने दायित्व बोकेका घटनाप्रधान समाचार नै कमजोर धरातलमा बनेका हुन सक्छन् अथवा समाचार भनेर प्रस्तुत गरिएको सामग्रीको सत्यतामै प्रश्न उठेका हुन सक्छ । जसरी त्यस्तो सामग्रीलाई आधार मानेर लेखिएको लेख वा सम्पादकीय कमजोर हुन्छ त्यसैगरी त्यस्तो सामग्रीमा आधारित कार्टुन पनि स्वच्छ हुन सक्दैन । पूर्वाग्रहप्रेरित लेख वा सम्पादकीय जस्तै पूर्वाग्रही कार्टुन पनि विवादमा पर्ने भएकाले प्रभावकारी बन्न सक्दैन ।

सम्पादकीय कार्टुन अखवार, म्यागेजिन वा अनलाइन माध्यममा छापिन्छन् । सम्पादकीय कार्टुन उत्पादन तत्कालीन प्रविधिसँग बाँधिएका हुन्छन् । आजको युगमा कार्टुन कागजमा मात्र छापिँदैनन्, डिजिटल पानामा पनि प्रस्तुत हुन्छन् । प्रविधि छापा यन्त्र वा इन्टरनेट हुन सक्छ जहाँ कार्टुनको उपस्थिति हुन्छ । छापिएका कार्टुनका सन्दर्भमा आकार, छापिएको समय र मुखपृष्ठ, सम्पादकीय पाना वा मध्य पृष्ठ कहाँ छापिएको हो त्यही आधारमा पाठकमा त्यसको प्रभाव पर्छ । रङ्गीन कलेवरमा छापिएको कार्टुनका सन्दर्भमा पाठकले फरकरूपमा सन्देश ग्रहण गर्न सक्छ । त्यसैगरी सम्पादकीय कार्टुन कमिक स्ट्रिप भन्दा फरक हुन्छन् । यस्ता कार्टुन अखवारको विचार-सम्पादकीय पृष्ठ वा मुखपृष्ठमा छापिन्छन्, कमिक्स छापिने पृष्ठमा होइन । सम्पादकीय कार्टुनमा सामान्यतः एकल फ्रेमको प्रयोग गरिएको हुन्छ, चित्रकथामा

जस्तो कथालाई निरन्तर अघि बढाइँदैन। सम्पादकीय कार्टुनलाई कतिपय बेला राजनीतिक कार्टुन पनि भन्ने गरिन्छ। किनभने यस्ता कार्टुन प्रायः सामाजिक-राजनीतिक विषयवस्तुमा बनाइन्छन्। आर्थिक सामजिक मुद्दा पनि राजनीतिक विषयवस्तुभित्रै पर्छन् (हिस्ट्री टिचिङ, सन् २०२३)। त्यसैले नेपाली कार्टुनिस्टहरूले भ्रष्टाचारका विरुद्धमा *निसाना* शीर्षक मातहत बनाएका कार्टुनहरू पनि सम्पादकीय कार्टुनहरू हुन्।

सम्पादकीय जस्तै सम्पादकीय कार्टुनको शैक्षिक वा सूचनामूलक उद्देश्य पनि हुन्छ। त्यस्ता कार्टुन पाठकलाई समकालीन राजनीतिक विषयमा सोच्न उत्प्रेरित गर्ने उद्देश्यका साथ तयार गरिएका हुन्छन्। त्यसैले सम्पादकीय कार्टुनमा प्रयोग गरिने दृष्य वा शब्द पाठकका लागि सुपरिचित हुनै पर्दछ। मिडिया उद्योगमा रूपान्तरित भएको आजको युगमा सम्पादकीय कार्टुन व्यवसायको एउटा पाटो पनि हुन गएको हुन्छ, अर्थात छापिएको कार्टुनमा सम्पादक वा प्रबन्धकको छाप परेको पनि हुन सक्छ (हिस्ट्री टिचिङ, सन् २०२३)। त्यसैले सम्पादकीय जस्तै सम्पादकीय कार्टुनलाई पनि छापा वा अनलाइन माध्यमको आधिकारिक धारणा मान्न सकिन्छ।

*ह्वाट इज एन एडिटोरियल कार्टुन ?* शीर्षकमा गरिएको चर्चामा भनिएको छ- अखवारका सम्पादकीय कार्टुन सर्जकको सोच र धारणाको चित्रात्मक अभिव्यक्ति हो। थप, सम्पादकीय कार्टुनले सामान्यतः, तर सधैँ होइन, संस्थाको धारणाको समेत प्रतिनिधित्व गर्छ। सम्पादकीय कार्टुन समसामयिक घटनामा आधारित हुन्छन्। अर्थात् यस्ता कार्टुनको उत्पादन प्रकाशनको समयसीमाको परिपालना हुने गरी तोकिएको समयभित्र भएको हुनुपर्छ। दैनिक अखवारमा करिव ५ देखि ६ दिनसम्म कार्टुन छापिएको देखिन्छ (हिस्ट्री टिचिङ, सन् २०२३)। पहिले पहिले स्तरीय छापा माध्यमको एउटा पहिचान आकर्षक र तीखो सम्पादकीय कार्टुन भए जस्तै हिजोआज लोकप्रिय अनलाइन माध्यमहरूमा पनि कार्टुन अनिवार्य सामग्रीका रूपमा देखिन थालेको छ।

मक्लुहान (सन् १९९७) ले कार्टुनलाई सन्देश प्रवाहित गर्ने 'कोल्ड मिडियम' ठह्याएका छन् (पृ.२२)। मक्लुहानको विचारमा तस्बिर जस्तो

'हट मिडियम' मा पाठकले परिपूर्ण दृष्य सूचना पाउँछन्, पाठकले आफैँ पूर्ण तुल्याएर वा खाली ठाउँ भरेर बुझ्नुपर्ने त्यहाँ केही हुँदैन। त्यसैले मक्लुहानका अनुसार हट मिडियममा पाठकको सहभागिता 'कोल्ड मिडियम' को तुलनामा न्यून हुन्छ। तर कार्टुनमा आफैँले खाली ठाउँ भर्दै बुझ्नुपर्ने हुँदा पाठकको सहभागिता बढी हुन्छ (अर्याल, २०७५, पृ.१)। सम्पादकीय कार्टुनमा एक वा सीमित केही प्रतीकका माध्यमले पाठकलाई सन्देश ग्रहण गर्न उत्प्रेरित गरिएको हुन्छ।

## कार्टुनमा प्रतीक

सम्पादकीय कार्टुनका सन्दर्भमा विचार वा धारणालाई पाठकसम्म सम्प्रेषण गर्न *क्यारिकेचर, स्टेरियोटाइप्स, एनालोगिज* अर्थात *तुल्यता, ह्युमर* अर्थात हाँस्य र प्रतीक गरी ५ किसिमको शैली अपनाइन्छ। कार्टुनका सन्दर्भमा प्रतीक भन्नाले परम्परागतरूपमा कुनै अर्को वस्तु वा विषयलाई इङ्गित गर्ने चित्र बुझिन्छ। जस्तै, परेवालाई शान्तिको प्रतीकका रूपमा ग्रहण गरिँदै आएको छ (हिस्ट्री टिचिङ, सन् २०२३)। नेपाल र भारतका कार्टुनिस्टहरूले ठूलो भुँडीलाई भ्रष्टाचारको प्रतीकका रूपमा देखाउँदै आएका छन्।

एउटा सम्पादकीय कार्टुनलाई सफा चित्र र केही सुन्दर र सङ्क्षिप्त शब्दले आकर्षक बनाउँछन्। विश्वव्यापीरूपमा बुझिने प्रतीकको प्रयोग गरेर विनाशब्दको कार्टुन पनि बनाइएका हुन्छन्। राम्रो कार्टुनले आममानिसले बुझ्न सक्ने किसिमको धारणा वा दृष्टिकोण अभिव्यक्त गर्छ। खासमा कार्टुन न शब्दका आधारमा मात्र पढ्न वा बुझ्न सकिन्छ न त चित्र मात्र हेरेर बुझ्न सकिन्छ। शब्द र चित्र दुवै एकैचोटि पढेर मात्र कार्टुनको सन्देश ग्रहण गर्न सकिन्छ। सबै सम्पादकीय कार्टुनहरू रमाइलोका लागि मात्र हुँदैनन्। कतिपय प्रभावकारी सम्पादकीय कार्टुनमा हाँस्य पक्ष नभएको पनि देखिन्छ। हाँस्य कार्टुनस्टिका पाँच औजारमध्ये एक मात्र हो (हिस्ट्री टिचिङ, सन् २०२३)। तर दुख:का समयमा पनि कार्टुन बनेका छन्। कोभिड-१९ को विश्वव्यापी महामारीका विषयमा कैयन् सशक्त कार्टुन बनेका छन्।

कुनै वस्तु, मनोभाव र विचारलाई प्रतीकका माध्यमले प्रतिनिधित्व गराइन्छ। जसरी कल्पनाशील साहित्यमा प्रतीकवादलाई ज्यादै महत्त्वपूर्ण पक्ष मानिन्छ (म्याकमहन र साथीहरू, सन् १९८६, पृ.५८), त्यसैगरी ललितकलामा विशेष चित्रणको प्रयोगलाई प्रतीकवादका रूपमा परिभाषित गरिन्छ । प्रतीकात्मकताको विकास उन्नाइसौँ शताब्दीको उत्तरार्धमा फ्रान्सिसी, रुसी र बेल्जियन कविता र अन्य कलाहरूमा भएको थियो। प्रतीकवादको विशेषता नै के हो भने प्रतीकले अर्को वस्तु वा धारणाको प्रतिनिधित्व गर्छ। मूर्तिकला, फोटोग्राफी र पेन्टिङमा प्रतीकवादको व्यापक प्रयोग गरिएको पाइन्छ।

सामान्यत: केही समान चरित्र हुने र नमिल्दा कुराहरूको तुलना प्रस्तुत गरेर पनि कार्टुनलाई अझ रोचक बनाउने गरिन्छ। अपेक्षा गरिएको कुरा र यथार्थबीचको खाडललाई विडम्बनाका रूपमा प्रस्तुत गर्दा कार्टुनले हाँस्य उत्पन्न गराउँछ। यहाँ जे अभिव्यक्त गरिन्छ, भन्न खोजिएको कुराको अर्थ त्यसको ठीक उल्टो हुन्छ। कार्टुनको एउटा आधारभूत तत्त्व बढाइचढाइ वा तोडमोड नै हो जो मानिस, पशुपक्षी वा अन्य वस्तुको चित्रणमा देखिन्छ। तर यस अध्ययनमा प्रतीकको विश्लेषणलाई विधिका रूपमा अङ्गीकार गरिएको छ। प्रतीकवादमा एउटा वस्तुको चित्रणबाट एउटा धारणा प्रस्तुत गरिन्छ वा सन्देश प्रवाहित गरिन्छ। क्याप्सन र सङ्केतहरूले कार्टुनको सन्देशलाई सुस्पष्ट बनाउँछ।

निउलिप (सन् २०११) ले भने जस्तै सांस्कृतिक सन्दर्भ जहाँ मानव सञ्चारको उत्पत्ति हुन्छ, त्यसले नै मानव अन्तरक्रियालाई उल्लेखनीयरूपमा प्रभावित गर्छ। उनका अनुसार संस्कृतिले समग्र संरचना प्रस्तुत गर्छ जहाँ मानवले आफ्नो परिवेशसँग सम्बन्धित आफ्नो सोच, संवेदना र व्यवहारलाई सङ्गठित गर्छ (पृ.४६)। त्यसैले कुनै पनि कार्टुनको लोकप्रियता *अडियन्स*को सांस्कृतिक सन्दर्भ र प्रतीकबीचको सम्बन्धमा समेत निर्भर गर्छ। प्रतीक अडियन्स वा उपभोक्ताको सांस्कृतिक सन्दर्भसँग जति बढी मिल्दोजुल्दो हुन्छ, कार्टुन उति नै वोधगम्य हुन जान्छ। क्रेस र लिउवेन (सन् १९९६) ले सङ्केत विज्ञानको आधारभूत मान्यता नै सङ्केत हो भन्ने उल्लेख गर्दै मिडियाका

सामग्री अध्ययनका लागि रङ्ग, धारणा आदि जस्ता *सिग्निफायर* र ग्रहण गरिने अर्थ अर्थात *सिग्निफाइड*सम्बन्धी फर्डिनान्ड डे ससुरको सिध्दान्तको प्रभावकारिताको उल्लेख गरेका छन् । उनले ३ वर्षीय बालकले आफूले बनाएको चित्रलाई कारको नामले चिनाउँदा उसले यहाँ चक्काहरू छन् भनेर बढी जोड दिएको प्रसङ्ग सचित्र उल्लेख गरेका छन् (पृ.६) । बालकले कारको सबै भन्दा ठूलो पहिचान चक्कालाई माने जस्तै कुनै पनि विषयको चित्रणमा कार्टुनिस्टको संस्कृति र परिवेशसापेक्ष सोच वा धारणा प्रतिविम्बित हुन्छ ।

फर्डिनान्ड डे ससुरका अनुयायी रोलान्ड बार्थ्सले सिग्निफिकेसनका ३ चरणको चर्चा गरेका छन्। फिस्क (सन् १९८२) का अनुसार बार्थ्सले प्रतीकलाई तेस्रो चरणको *सिग्निफायर* मानेका छन् । जब कुनै वस्तु परम्परागतरूपमा प्राप्त कुनै अर्थका आधारमा कुनै अर्को वस्तु बताउन खडा हुन्छ, त्यो प्रतीकका रूपमा चिनिन्छ । रोल्स रोयस धनको प्रतीक हो, कुनै नाटकमा कुनै व्यक्ति रोल्स रोयस बेच्न वाध्य भएको देखाइयो भने उसको व्यापारमा निकै घाटा भएको वा त्यो व्यक्ति असहज अवस्थामा रहेको बुझिन्छ (पृ.९१) । वस्तुत: मानिस भाषा, मिथक, धर्म, कला आदि साङ्केतिक स्वरूपहरूका माध्यमले आफ्नो बुझाइ निर्धारण गर्छ, यी स्वरूपहरू भन्दा पर यथार्थको खोजी असान्दर्भिक हुन्छ । प्रतीक, त्यसैले बृहत् शब्द हो, कुनै पनि कुरा जसले केही अर्कै थोक बताउँछ, परेवा जस्तै गुलाफको फूल र अन्य कैयन् परम्परागत प्रतीकहरू विश्वव्यापीरूपमै सुपरिचित छन्। त्यसैले चाडविक (सन् २०१८) लेख्छन्, कुनै पनि प्रकारको अभिव्यक्तिको व्याख्या गर्न यसको प्रयोग गर्न सकिन्छ, कुनै कुरालाई सोझो अर्थमा उल्लेख गर्नु भन्दा अर्को कुनै कुराको माध्यमले अप्रत्यक्षरूपमा उल्लेख गरिन्छ (पृ.१)। धर्म वा सम्प्रदायका पनि अनेक सङ्केत हुन्छन् । साँचो अर्थमा सङ्केत सोझो र प्रत्यक्ष हुँदैन । चाडविक (सन् २०१८) अझ प्रष्ट पार्छन्- त्यसैले धारणा र भावनालाई प्रत्यक्ष व्यख्या नगरी, ठोस आकृतिसँग प्रष्ट तुलना नगरी, तर पाठकको मस्तिष्कमा व्याख्या नगरिएका सङ्केतहरूको प्रयोगद्वारा धारणा र भावना के हो भन्ने पुनर्सिर्जना गर्न सक्नुलाई नै सङ्केतवादका रूपमा परिभाषित

गर्न सकिन्छ (पृ.२-३)। प्रतीकको छनोट र प्रयोगमा पनि कार्टुनिस्टको सामाजिक/सांस्कृतिक परिवेशको महत्त्वपूर्ण भूमिका हुने गर्छ।

### *तथ्य र छलफल*

### नेपालमा भ्रष्टाचारका विषयमा कार्टुन : हिजो र आज

नेपालमा कार्टुन कलाको इतिहासलाई अर्याल (२०७५) ले प्रारम्भिक काल (वि.सं. ००७-०१७), माध्यमिक काल (वि.सं. ०१७-०४६) र आधुनिक काल (वि.सं. ०४६ पश्चात) गरी ३ चरणमा विभक्त गरेका छन् (पृ.६०)। वर्तमान आधुनिक कालमा नेपाली छापा वा अनलाइनमा कार्टुन, क्यारिकेचर वा एनिमेसन कला झन्झन् परिष्कृत हुँदै गएका छन्। २०४६ सालपछि प्रारम्भ भएको नेपालका छापाका सम्पादकीय कार्टुनका विषयवस्तुको विविधतामा अनलाइनको बढ्दो प्रचलनसँगै निकै वृद्धि भएको छ। त्यसैगरी कार्टुनमा प्रयोग हुने प्रतीकहरूमा पनि विविधता थपिएका छन्। उदाहरणका लागि, भ्रष्टाचारविरुद्धको चेतना नेपाली कार्टुनमा व्यापक परिमाणमा अभिव्यक्त हुँदै आएको छ। भ्रष्टाचारको प्रतीकका रूपमा ठूलो भुँडी वा जे पनि निल्न सक्ने मुख आमरूपमा देखाइँदै आएको पाइन्छ।

माध्यमिक कालमा *आरती* साप्ताहिकमा छापिएको रामकुमार पाँडेको कार्टुनमा दौरा सुरुवाल लगाएको एउटा ठूलो भुँडी भएको मानिस माइकको अगाडि दाहिने हात हल्लाउँदै भन्दैछ, ...साथी हो! हामी सबै मिलेर भ्रष्टाचारलाई निर्मुल पार्नुपरेको छ...। तर उही व्यक्ति देब्रे हात पछाडि फर्काएर एउटा थैली लिँदैछ। थैली दिने व्यक्तिको भने २ वटा हात मात्र देखाइएको छ, एउटा हातले थैली प्रदान गर्दैछ भने अर्को हातमा नेपाली टोपी छ (साथी हो, ०३२)।

सम्पादकीय कार्टुन नेपालमा पनि कार्टुनकलाको प्रारम्भिक कालदेखि नै राजनीतिक र सामाजिक सञ्चारको प्रभावकारी माध्यम सावित हुँदै आएका छन्। अझ भ्रष्टाचार विषयलाई सुरुवातकालदेखि नै कार्टुनमा समावेश गरिँदै आएको देखिन्छ। उदाहरणका लागि, अर्याल (२०५८) द्वारा सङ्ग्रहित पुस्तकमा उल्लिखित २०१४ साउन ६ गते *संयुक्त*

*प्रयास*मा छापिएको शीर्षकको कार्टुनलाई लिन सकिन्छ। कार्टुनिस्टको नाम नदेखिने उक्त कार्टुनको माथिल्लो भागमा केही पुरुष करिव करिव त्यति नै सङ्ख्यामा रहेका पुरुषलाई कुट्दैछन्, तल लेखिएको छ- चन्दा नदिने मुर्दावाद। तलपट्टि अर्को चित्र छ, जहाँ गोलाकारमा बसेका ४ पुरुषमध्ये एउटाको हातमा रुपियाँ छ। मध्य भागमा महिला नाचिरहेकी छिन् र अगाडि २ बोतल र गिलास पनि छन्। तल लेखिएको छ- चन्दादाता जिन्दावाद। सबै भन्दा मुनि लेखिएको छ- प्रजातन्त्रका ठेकेदारहरूको अर्थ सञ्चय नीति र देश तथा जनहितात्मक रचनात्मक कार्यप्रणाली....रे (अर्याल, पृ.२०)। पुरानो समयका कार्टुनका प्रतीक भन्दा फराकिलो ढङ्गले आजका कार्टुनमा भने भ्रष्टाचारको प्रवृत्तिमाथि अनेक प्रतीकको सहाराले व्यङ्ग्य प्रहार गरेको देखिन्छ।

माध्यमिक कालको मध्यतिर, ०३६ साल कात्तिक २९ गते *राष्ट्रपुकार* साप्ताहिकमा वात्सायनको नाममा छापिएको दुर्गा बरालको कार्टुनलाई भ्रष्टाचार विषयमा बनाइएको प्रभावकारी कार्टुनको उदाहरणका रूपमा लिन सकिन्छ। अर्याल (२०५८) को सङ्कलनमा सचित्र व्याख्या गरिएको उक्त कार्टुनमा त्यसबेला भ्रष्टाचारको प्रतीक बन्न पुगेको गुड्ने घरका नामले चर्चित ललितपुरको एक भव्य महलको छतमा डा. तुलसी गिरीलाई देखाइएको छ। उनी भन्दैछन्- पहिले ती सात सालदेखिका राजनीतिक कार्यकर्ताको सम्पत्तिको जाँच हुनुपर्छ (पृ.४३)। त्यही कालखण्डअन्तर्गत १९९७ सालमा छापिएको पाँडेको एउटा सरल रेखाचित्रमा प्रस्तुत गरिएको कार्टुनमा १ जना भन्दैछ- बल्ल फेला पारेँ भ्रष्टाचार। तर ठूलो भुँडी र कालो भादगाउँले टोपीको प्रतीकमा देखाइएको भ्रष्टाचारी भने उम्किएर भाग्दैछ (अर्याल, २०५८ ,पृ.८८)। कार्टुनिस्ट क्लब अफ नेपाल (२०७२) का अनुसार रामकुमार पाँडेको उक्त कार्टुन सर्वप्रथम आरती साप्ताहिकमा छापिएको थियो (पृ.४१)। त्यही कालखण्डमा टेकवीर मुखियाको एउटा कार्टुनमा हवाईजहाजसँगै रोकेर राखिएको एउटा कारलाई देखाउँदै १ व्यक्ति अर्को क्यामेरा र झोला भिरेको व्यक्तिसँग भन्दैछ- यति जेट किन्दा मोटरचाहिँ फोसामा पाउनुभएको रे, मोटर त गजबको रैछ (कार्टुनिस्ट क्लब अफ नेपाल, २०७२, पृ.४२)। कार्टुनले

तत्कालीन शाही नेपाल वायु सेवा निगमको हवाईजहाज प्रकरणलाई इङ्गित गर्न खोजेको प्रष्ट बुझिन्छ ।

आधुनिक कालका प्रखर कार्टुनिस्ट अविन (२०६१) ले *हिमालय टाइम्स* दैनिकमा यस्तै त रै'छ स्तम्भअन्तर्गत पनि भ्रष्टाचारका विषयमा तीखा कार्टुन बनाएको देखिन्छ। उक्त कार्टुनमा राष्ट्रिय झण्डा सजाइएको टेबुलसँगै राखिएको घुम्ने मेचमा बसेर टेलिफोनमा कुरा गरिरहेको मोटो शरीरको व्यक्तिका अगाडि बिस्कुनझैँ गरी नोटका बिटैबिटा बिछ्याइएका छन् । तल उनको सम्वाद उल्लेख छ- भ्रष्टाचार नियन्त्रण त गरिरे'कै छु नि । त्यसैले त म आफूले नियन्त्रण गर्न सक्ने जति मात्रै भ्रष्टाचार गर्ने गर्छु (पृ.१०१) । यसरी भ्रष्टाचार नेपाली समाजको चिन्ताको विषय भए जस्तै भ्रष्टाचारविरुद्ध नेपाली कार्टुनिस्टहरूले पनि सिर्जनशील शैली अघि बढाउँदै आएका छन् ।

क्षितिज (२०७८) लेख्छन्- समाजमा मौलाउँदै गएको भ्रष्टाचार अन्त्य गर्न सचेत पहलकदमी, जागरुक नागरिक, सञ्चार माध्यम र नागरिक समाजको निरन्तरको खबरदारी भइरहनुपर्छ। उनको विचारमा भ्रष्टाचारमाथि व्यङ्ग्य प्रहार गर्दै बनाइएका कार्टुनले समाजमा व्याप्त भ्रष्टाचारको तह र त्यसका आयाम बुझ्न सघाएको छ । कार्टुनिस्ट क्षितिजका अनुसार कार्टुन भ्रष्टाचार अन्त्यका लागि समाजका सबैले पहलकदमी लिने क्रममा झक्झक्याउने एउटा सशक्त दृष्यभाषा हो जहाँ समाजका विकृति र विसङ्गति तथा खराब मनोवृत्तिउपर व्यङ्ग्यात्मकरूपमा प्रहार गरिन्छ ।

जसरी लेख वा ओपेडमा व्यक्तिको दृष्टिकोण अभिव्यक्त हुन्छ, त्यसैगरी कार्टुनमा पनि कुनै खास घटना वा सार्वजनिक व्यक्तित्वप्रति व्यक्तिको धारणा वा दृष्टिकोण अभिव्यक्त हुन्छ। त्यसैले जसरी कुनै लेखको प्राथमिक उद्देश्य सूचना र तथ्य प्रस्तुत गर्ने भन्दा पनि विश्लेषण वा धारणा पस्किने हुन्छ, त्यसैगरी कार्टुनलाई समाचारका लागि पढिँदैन वा हेरिँदैन । *लाइन एन्ड स्ट्रोक*मा होस् वा अक्षरमा दृष्टिकोण अभिव्यक्त भएको हुन्छ । तर जसरी लेख वा धारणामा तथ्यपरक विश्लेषण वा स्वच्छ र मर्यादित बहसको अपेक्षा गरिन्छ, त्यसैगरी कार्टुनमा पनि तीखो व्यङ्ग्यका रूपमा पनि सार्वजनिक विषयमा जायज ढङ्गले धारणा अभिव्यक्त हुनुपर्दछ ।

कार्टुनमा पनि गलत तथ्यमा आधारित धारणा प्रस्तुत गरिनुहुँदैन। लेखमा अक्षर र कार्टुनमा चित्रका माध्यमले सञ्चार गरिन्छ। मेलो (सन् २०१२) लेख्छन्- राजनीतिक हाँस्य, विशेषत: सम्पादकीय कार्टुनकला, राजनीतिक अवस्थाप्रतिको सटिक सञ्चार सम्बोधन हो र यसले राजनीतिक दृष्यपटल निर्माण गर्न सघाउ पुऱ्याउँछ (पृ.३८१)। तर जसरी राजनीतिक रिपोर्टिङ वा अन्य राजनीतिक विषयवस्तुका सन्दर्भमा वस्तुनिष्ठता वा स्वच्छताको अपेक्षा गरिन्छ, त्यसैगरी राजनीतिक आग्रह/पूर्वाग्रहले सम्पादकीय कार्टुनलाई अलोकप्रिय र असंवेदनशील बनाउँछ।

## कार्टुनमा संवेदनशीलता र विषयको विविधता

३० वर्ष भन्दा अघिको समयमा नेपालमा अधिकतर गाईजात्राका बेला, कार्टुनका रूपमा छापिने रेखाचित्र आमरूपमा अश्लील, असंवेदनशील र सोचका दृष्टिले अपरिष्कृत पनि हुन्थे। त्यसबेलाको समाजमा पितृसत्तात्मक *आइडियोलोजी*को मजबुत पकडकै कारण महिलाको शरीर र हाउभाउलाई हाँस्य उत्सर्जन गर्ने प्रतीकका रूपमा प्रयोग गरिन्थ्यो। उदाहरणका लागि, माध्यमिक कालमा *समीक्षा* साप्ताहिकमा छापिएको (नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान, २०७२, पृ.३८) अनुमोदनको पोको लेखिएको ठूलो आकृति लिएर दौरा सुरुवालमा ठाँटिएर तलाउको छेउमा रहेका ठूलो रूखको हाँगामा बसेको व्यक्ति देखाइएको छ। तल तलाउमा निर्वश्त्र तर टोपी लगाएका पञ्चहरूलाई महिला शरीरमा चित्रण गरिएको छ। हाँगामा बसेको व्यक्तिको टोपीमा गाउँफर्क लेखिएको छ। त्यस व्यक्तिको हातमा बाँसुरी पनि थमाइएको छ र समग्र चित्रमा कृष्णलीलाको एक झलकलाई प्रतीकात्मकरूपमा देखाइएको बुझिन्छ।

सुरुवातकालदेखि नै भ्रष्टाचारलगायत कुशासन वा अन्य राजनीतिक सामाजिक विसङ्गति नेपाली कार्टुनका विषय बन्दै आएका छन्। तर प्रतीकको प्रयोग, प्रस्तुति र चित्रणका सन्दर्भमा भने संवेदनशीलता अपनाइएको पाइँदैनथ्यो। बितेका केही दशकयता भने नेपाली समाजमा पनि आधुनिक चेतना र सुझबुझको विकास भएसँगै मिडियाका सामग्रीमा पनि व्यापक परिष्कार देखिएका छन्। यदाकदा महिला शरीर र

हाउभाउलाई चित्रमा उतारेर राजनीतिक घटनाक्रम दर्शाउन खोजिएको नदेखिएको होइन। तर युग चेतनाको अभावका कारण वा असावधानीवश हुन जाने त्यस्तो असंवेदनशील व्यवहारप्रति क्षमायाचना गरेको पनि देखिन्छ। यसबीच सुशिक्षित, सचेत, आधुनिक सभ्य समाजका मूल्य र मान्यताबारे थाहा पाएका व्यावसायिक र सिद्धहस्त कार्टुनिस्टहरूको उदय भइसककेको छ। आजका सचेत र साक्षर आमसञ्चार प्रयोगकर्ता कार्टुनमा यदाकदा जानअञ्जानमा अभिव्यक्त हुने गरेका पुरातन वा जातजाति, सम्प्रदाय र महिलाप्रतिको गलत दृष्टिकोणको आलोचना गर्छन्। आजका नेपाली कार्टुनमा विषयको विविधतामा पनि निकै वृद्धि भएको छ। त्यही क्रममा भ्रष्टाचार र कुशासन विरोधी भावना पनि कार्टुनहरूमा नयाँ नयाँ प्रतीक र प्रस्तुतिका साथ देखापर्दै छन्।

समाचारका नाममा प्रकाशित वा प्रसारित सामग्रीको सत्यतामै प्रश्न उठेको वा त्यस्तो सामग्रीको प्रेरणाको स्रोत वा नैतिक पक्ष नै कमजोर भएको अवस्थामा त्यही शृङ्खलामा तयार गरिने अन्य सबै सामग्री स्वच्छताबिहीन हुन पुग्छन्। उदाहरणका लागि, पितृसत्ताको आइडियोलोजीबाट ग्रस्त भएर कार्टुन बनाउँदा महिलाको चित्रण सोहीबमोजिम हुन पुग्छ। त्यसैले कार्टुनिस्टहरूले सूचनाको जग वा अभिप्रेरणाको स्रोतको आफैँ पनि जाँच पड्ताल वा समीक्षा गर्नु आवश्यक हुन्छ।

कार्टुन पहिलो सूचना होइन, कार्टुन तथा घटना परिघटनाउपरको प्रतिक्रिया हो। तर सत्य-तथ्य सूचना सँगसँगै अफवाह र भ्रमको समेत भेल बगिरहेको आजको समयमा कार्टुनिस्टहरू पनि सचेत हुनैपर्छ। कार्टुनमा स्वच्छता त्यसबेला विलुप्त हुन पुग्छ, जुनबेला समाचारका नाममा प्रकाशन वा प्रसारण गरिएको झुटो विवरणयुक्त सामग्री कार्टुनको प्रेरणाको स्रोत बन्न पुग्छ। त्यसैगरी सत्यापन/तथ्य जाँच नभएको वा आममानिसको सामान्य ज्ञानका रूपमा स्थापित नभएको विषयमा बनाइएको कार्टुनको नैतिक धरातल कमजोर हुन्छ। त्यसैले तथ्यपरक सामग्री वा तथ्य जाँचको अभाव, पक्षधरता, बनावटी प्रस्तुति, अस्वाभाविक तोडमोड, वञ्चितिमा पारिएका समुदाय र महिलाप्रतिको असंवेदनशीलता जस्ता गल्ती नहोस् भन्ने कुरामा आजका कार्टुनिस्टहरू सजग देखिन्छन्।

खास समुदायप्रति वा नश्ल र धर्मका आधारमा आक्रामक वा पूर्वाग्रही वा खास समुदायप्रति घृणा जगाउनेखालका कार्टुन विश्वव्यापीरूपमै कार्टुनसँग सम्बन्धित विवादको केन्द्रमा रहँदै आएका छन् । यस्ता विषय कार्टुनका सन्दर्भमा सबै भन्दा सम्वेदनशील मानिन्छन् । सबै किसिमका सञ्चारकर्मीहरू जस्तै कार्टुनिस्टहरूमा पनि समाजका सबै समुदाय र तप्काका जनताप्रतिको उच्चस्तरको संवेदनशीलता हुनुपर्छ । पत्रकारिता अध्ययनको पाठ्यक्रममा त्यही कारण अन्तरसांस्कृतिक सम्बन्धको चेतनाका विषय पनि समावेश गरिएको हो। तर यदाकदा संसारका विभिन्न देशमा कार्टुनिस्टहरूउपर असंवेदनशील भएको आरोपसमेत लाग्ने गरेको छ ।

नेपालको वर्तमान संविधानको प्रस्तावनामै बहुजातीय, वहुभाषिक, बहुधार्मिक, वहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधताबीचको एकता सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्ने परिकल्पना गरिएको छ । संविधानले मौलिक हक र कर्तव्यअन्तर्गत जात, जाति, धर्म वा सम्प्रदायबीचको सुसम्बन्धमा खलल पार्ने जातीय भेदभाव वा छुवाछूतलाई दुरुत्साहन गर्ने, श्रमप्रति अपहेलना गर्ने, गाली बेइज्जती, अदालतको अवहेलना वा अपराध गर्न दुरुत्साहित गर्ने सामाजिक शिष्टाचार, नैतिकताको प्रतिकूल काममा कानुनबमोजिम मनासिब प्रतिबन्ध लगाउन अनुमति प्रदान गरेको छ । नेपालका कार्टुनिस्टहरूलाई संविधानका शब्दहरूको स्मरण गरेको खण्डमा स्वतन्त्रता र जिम्मेवारीको परिधि पत्ता लगाउन गाह्रो हुने छैन। त्यस अवस्थामा घृणा फैलाउने वा तिरस्कारको भावना उकास्नेखालका कार्टुन स्वत: अझै कम हुनेछन् ।

विश्वभर नै कडा विरोधको तरङ्ग सिर्जना गर्ने विवादास्पद कार्टुनको मूल जरो अभिव्यक्ति स्वतन्त्रता पक्षधर र जातीय, नश्लीय एवं धार्मिक व्यङ्ग्यका सन्दर्भमा जिम्मेवारीयुक्त स्वतन्त्रताका पक्षधरबीचको विवाद नै हो। त्यसैले हाँस्य र व्यङ्ग्यउपरको नैतिक सीमाको प्रश्न महत्त्वपूर्ण छ। जसका आधारमा कार्टुनसम्बन्धी नैतिक जिम्मेवारीको सवालमा अलमल अन्त्य गर्न सकिन्छ। कुनै कार्टुनमा नेपालको संविधानको मौलिक हक र कर्तव्यसम्बन्धी धारामा उल्लिखित विषयहरूमा प्रहार गरिएको छ ? कुनै

कार्टुनमा गरिएको चित्रण व्यक्तिगत आक्षेप हो? यो विषयमा आमजनताको अभिमत वा सामान्य बुझाइको अवस्था के छ ? यो समसामयिक गतिविधिको प्रतीकात्मक अभिव्यक्ति हो कि होइन? यसमा चित्रण गरिएको विषयका वस्तुगत आधार छैन ? यसले धार्मिक भावनामा ठेस पुऱ्याएको भन्न सकिने आधार छ? उल्लिखित कार्टुनमा हाँस्यको पक्ष छ कि छैन? विभत्सता छ कि छैन ? यस्ता प्रश्नका आधारमा कुनै पनि कार्टुनको नैतिक स्तर मूल्याङ्कन गर्न सकिन्छ ।

नेपालमा अहिले संविधानको पालना गर्नुपर्ने दायित्व भन्दा माथि कोही छैन । कार्टुनिस्टको दृष्टिबाट ओझेलमा परेको पनि कोही छैन । राजकीय निकायमा रहेका जोकसैको बारेमा लेखिन्छ, समाचार बन्छ भने कार्टुन पनि जोकसैका बारेमा बन्न सक्छ । तर व्यक्तिगत आक्षेप वा लैङ्गिक, जातिगतलगायतका विषयमा अस्वच्छ चित्रण एउटा कार्टुनिस्टको नैतिकताको परिधि भन्दा बाहिर हुन्छ । केही दशकयता छापा वा डिजिटल नेपाली अखवार वा मिडियामा व्यङ्ग्य चेत, रेखाचित्र, सन्दर्भ र नैतिक पक्षका दृष्टिले पनि उत्कृष्ट राजनीतिक वा सम्पादकीय कार्टुन आइरहेका छन् । यससँगै नेपालका कार्टुनिस्टहरू यदाकदा उत्पन्न हुने गरेका असहज अवस्थाबीच नै नैतिक अन्योल पन्छाउँदै अघि बढ्दै जानेछन् भन्ने विश्वास गर्नैपर्छ ।

आजको समयमा महिला शरीर र हाउभाउलाई चित्रमा उतारेर नेपाली राजनीतिको वर्तमान घटनाक्रम दर्शाउन खोज्नु असंवेदनशील व्यवहार मानिन्छ । त्यसैले कार्टुन, क्यारिकेचर वा रेखाचित्रहरूको प्रस्तुतिका सन्दर्भमा बोध गर्नैपर्ने नैतिक दायित्वको विषय महत्त्वपूर्ण छ। कार्टुन वा क्यारिकेचरको सिर्जना र प्रकाशनका सन्दर्भमा सजग हुनैपर्ने नैतिक प्रश्नहरूका सम्बन्धमा कार्टुनिस्टहरू जानकार हुनुपर्छ । समय-समयका घटनाक्रमले कार्टुनका उपभोक्ताहरूलाई पनि यस विषयमा सोच्न अभिप्रेरित गर्दै आएका छन् । गल्ती गर्नु मानवीय गुण, गल्ती स्वीकारेर सच्याउनु दैवी गुण भने जस्तै आफूले गरेको त्रुटि र कमजोरी सच्याउने तत्परतालाई पत्रकारितामा एउटा आधारभूत गुण मानिन्छ। सधैँजसो उही गल्ती नदोहोरियोस् भन्ने अभिप्रायका साथ आमसञ्चार माध्यमका लोकप्रिय

सामग्रीका रूपमा रहिआएका कार्टुन र रेखाचित्रका सन्दर्भमा पनि नैतिक पक्ष र स्वच्छ व्यवहारको विषयमा विमर्श भइरहेका छन् ।

सामान्यत: राजनीतिक कार्टुन र *क्यारिकेचर* व्यङ्ग्यको मौलिक चरित्र, विइट अर्थात ख्यालठट्टा र हाँस्यका कारण पत्रकारिताका अन्य विधा भन्दा फरक छन् भन्ने लोकप्रिय मत छ। सामान्यत: नैतिक पक्षका कारणले कुनै कार्टुनमाथि प्रश्न उठाउने गरिँदैनथ्यो। किनकि आमरूपमा कार्टुन र *क्यारिकेचर*लाई गम्भीर आक्षेपका अर्थमा बुझ्ने गरिँदैन, हल्का ठट्टाका रूपमा ग्रहण गर्ने गरिन्छ। तर पत्रकारिताको विकाससँगै कार्टुन, क्यारिकेचर वा रेखाचित्र अभिन्न पाठ्य वा दृष्य सामग्रीका रूपमा स्थापित भइसकेका छन् ।

कार्टुनको स्वभाव पढ्ने सामग्री भन्दा मात्र होइन, तस्बिर भन्दा पनि फरक छ। रूपको तोडमोड, अतिरञ्जना अनि छानिएका सीमित वस्तु वा व्यक्तिको चित्रणका कारण क्यारिकेचर वा कार्टुन विधा फोटोग्राफी भन्दा पृथक हुन्छ। सामान्यत: आमजनताको सामान्य ज्ञानका रूपमा स्थापित वा जनसरोकारको विषय बनेको कुनै प्रसङ्गमा केही अतिरञ्जनालाई अन्यथा मानिँदैन। लोकतन्त्रमा विश्वास गर्ने राजनीतिकर्मीहरू आफ्ना गतिविधिका सम्बन्धमा कार्टुनिस्टले हाँस्यरस उत्सर्जन गर्दै केही व्यङ्ग्यवाण चलाएको विषयमा गुनासो पनि गर्दैनन्। तर महिला वा पुरुषका रूपमा कसैको व्यक्तिगत टिकाटिप्पणी, शारीरिक बनोट वा जातजाति वा सम्प्रदायसँग जोडिएका विषयमा सबै लेखक, पत्रकारझैँ कार्टुनिस्टले पनि सधैँ सजग हुनैपर्छ ।

सटिक प्रतीकको प्रयोग सन्देशको स्पष्टताका लागि जति आवश्यक छ, उति नै प्रतीकको प्रयोग गर्दा कुनै पनि किसिमको संवेदनशीलतामा आँच नपुगोस् भन्ने पनि ख्याल गर्नुपर्छ। प्रष्ट बोलेर वा लेखेर होइन, रेखाचित्र, विम्ब र सन्दर्भका आधारमा सन्देश प्रवाहित गर्नुपर्ने भएकाले कार्टुननिस्टहरूका सामु सधैँ पाठक-दर्शकमा आफूले सोचे भन्दा फरक सन्देश जाने हो कि वा अर्कै अर्थ ग्रहण गरिने हो कि भन्ने जोखिम रहन्छ । मार्सल मक्लुहानले कार्टुनलाई त्यसै चिसो वर्गमा राखेका होइनन् । खासगरी आधुनिककालका नेपाली कार्टुन बोधगम्य छन्। साथै कार्टुनमा संवेदनशीलता र नैतिक पक्षलाई प्राथमिकतामा राख्न थालिएको

छ । प्रतीकको यथोचित प्रयोगका कारण समकालीन नेपाली कार्टुनहरू निकै आकर्षक बन्न पुगेका छन् र विविध विषयका सुस्पष्ट सन्देश कार्टुनहरूबाट सम्प्रेषित भइरहेका छन् ।

नेपाली कार्टुनिस्टहरूले प्रारम्भिक समयदेखि नै भ्रष्टाचारलाई एउटा विषय वा *थिम*का रूपमा ग्रहण गर्दै आएका छन् । आजसम्म आइपुग्दा प्रतीकको प्रयोग र प्रस्तुतिका सन्दर्भमा पनि कार्टुनिस्टहरूबीच प्रतिस्पर्धा भइरहेको देखिन्छ । तर प्रतीकमा नवीनता अनि पाठकको सामाजिक/सांस्कृतिक संसार र प्रतीकबीच तादात्म्य जस्ता विषयमा जानकारी अभाव देखिन्छ ।

## कार्टुन र प्रतीकमा विविधता

क्षितिज (२०७९) का अनुसार निसाना भ्रष्टाचारविरुद्ध कार्टुन प्रदर्शनीमा राखिएका कार्टुनहरूमा नेपाली समाजमा मौलाएको खराब मनोवृत्ति र आचरणलाई कलात्मकरूपमा उधिनिएको छ। कार्टुनमा उठाइएका विषयवस्तु मूलतः नीतिगत भ्रष्टाचार, पदको दुरुपयोग र आर्थिक लेनदेनसँग सम्बन्धित छन्। उल्लिखित कार्टुनहरूमा घुसखोरी, शिक्षामा हुने भ्रष्टाचार, प्राकृतिक स्रोतको दोहन, स्वास्थ्य क्षेत्रका विकृति, कृषिका समस्या, न्यायालयका विसङ्गतिलगायतका विषय समेटिएको देखिन्छ ।

कार्टुनका सर्जकहरूमा दुर्गा बराल वात्सायन, मोहनश्याम महर्जन खोकना, गेहेन्द्रमान अमात्य, नारदमणि हार्तमछाली, जीवन राजोपाध्याय, अशोकमान सिंह, रविन सायमि, अविन श्रेष्ठ छन्। राजेश केसी, सुषमा राजभण्डारी, वासु क्षितिज, देवेन्द्र थुम्केली, रवि मिश्र, भानु भट्टराई, रवीन्द्र मानन्धर, योगेशकुमार खपाङ्गी, केशवराज खनाल, राजेश मानन्धर, कृष्णगोपाल श्रेष्ठका कार्टुन पनि प्रदर्शनीमा समावेश छन् । त्यस्तै सुजिता महर्जन, रामकृष्ण थापा, सागर शाह, सुदर्शन सिग्देल, उमेशचन्द्र अधिकारी, अनुप गुरुङ, सानुराजा डङ्गोल, अकृन अधिकारी, विरोचन मल्ल, आशीष खनाल, विष्णु अथकमनु, विश्व थापा, देव कोइमी, वामन चालिसे, महेश बस्ताकोटी, पानसिंह तमोर, रामहरि रिमाल पनि *निसाना* शीर्षकमा भ्रष्टाचारविरुध्दका कार्टुन बनाउन संलग्न देखिन्छन् ।

यस अध्ययनमा समावेश ५० वटा कार्टुनमा प्रयुक्त प्रतीकहरूमध्ये अधिकांश नेपाली सांस्कृतिक जीवनमा परिचित वस्तु, साधन वा पात्र छन् । प्रतीकमा विविधता पनि छ । तर कतिपय अमूर्त प्रतीकका कारण कार्टुनको सन्देश प्रष्ट हुन नसकेको पाइन्छ । उल्लिखित कार्टुनहरूमा कतिपय प्रतीक दोहोरिएका छन् । अक्टोपस, दैत्य, रुपियाँ, भार उत्तोलक, उद्घाटन समारोह, बङ्गुर पालन, छायाँ, यन्त्र, कुर्सी, बोरा, तराजु, यन्त्र, कम्प्युटर, विद्यार्थी, अपरिचित हिंसक जीव, घर, माछा, भोजन, कोरोना भाइरस, रुपियाँ, कक्षाकोठा, साजसज्जा, समुन्द्र, चप्पल, सालिक, अपरेसन थिएटर, खल्ती, हवाईजहाज, पुल, विशाल ढुङ्गा, सर्प, थैला, जरा फैलिएको रुख, अज्ञात जीव, ६ वटा हात भएको मानिस, ज्वालामुखी जस्ता प्रतीकहरूको प्रयोग भएको पाइन्छ । तीमध्ये ज्वालामुखी, दैत्य, थैला, सर्प आदि नेपाली कार्टुनमा वर्षौंदेखि प्रचलनमा रहेका प्रतीक हुन् ।

तालिका १ : **अधिक दोहोरिएका केही प्रतीक**

| **क्र.सं.** | **कार्टुन सङ्ख्या** | **प्रतीक** |
|---|---|---|
| १ | १८ | रुपियाँ वा नोट |
| २ | ५ | थैला वा बोरा |
| ३ | ५ | रकम भरिएको ब्रिफकेस |
| ४ | ३ | न्यायको तराजु |
| ५ | ३ | ठूलो भुँडी |
| जम्मा | ३४ | |

*स्रोत : अर्याल, २०७९*

उमेशचन्द्र अधिकारीको रकमले भरिएको भ्रष्टाचाररूपी ठूलो थैलामुनि भयानक सर्प देखाइएको कार्टुन आकर्षक र प्रष्ट सन्देश प्रवाह गर्ने किसिमको देखिन्छ । तर आशीष खनालले बनाएको रुपियाँको चट्टाइमा बसेको ६ वटा हात भएको मानिसको कार्टुनको सन्देश भने बहुप्रतीकको प्रयोगका कारण अस्पष्ट हुन पुगेको छ । ती हातले क्रमशः फर्स्ट एड

बक्स, रुख, रुपियाँ, कार, वाकीटकी र पुस्तक बोकेका छन् भने त्यस व्यक्तिले रुपियाँकै चस्मा पहिरेको देखिन्छ ।

योगिश खपाङ्गीको व्यापक जरा फैलिएको काँडे रुख उखेल्ने सर्वसाधारणको प्रयास देखाएको कार्टुन पनि बुझ्न सजिलो किसिमको छ । अविनको ठूलो भुँडी भएको दौरा सुरुवाल लगाएको भारउत्तोलकले सकी-नसकी पसिना-पसिना भएर भ्रष्टाचार नियन्त्रण लेखिएको भार उचालेको चित्रण गरिएको कार्टुन सफा र आकर्षक छ । तर कार्टुनको सन्देश भने स्पष्ट छैन । तर अशोकमान सिंको घाँटीमा भ्रष्टाचारी पदक झुण्ड्याएका सुङ्गुरका २ पाठाले दानाका रूपमा रुपियाँ खाइरहेका चित्रण गरिएको कार्टुन आकर्षक छ त्यसले सुस्पष्ट सन्देश प्रवाहित गरेको छ । विरोचन मल्लको कार्टुनमा एउटा अस्पष्ट र अर्को प्रष्ट प्रतीक प्रयुक्त भएको देखिन्छ । कार्टुनमा *लाइन एन्ड स्ट्रोक* आकर्षक देखिन्छ । तर समग्रमा रेखाचित्र अस्पष्ट छ । वामन चालिसेको कार्टुनमा भ्रष्टाचारी व्यक्तिको भनाइ र नियतको भेद देखाउन खोजिएको छ । उनले व्यक्ति र व्यक्तिको छायाको प्रतीकमार्फत सन्देश प्रवाहित गर्न खोजेका छन् । एउटा सामान्य व्यक्ति भन्छ- म भ्रष्टाचार गर्दिन र हुन दिन्न । तर उसको खतरनाक छायाँले उसलाई पछ्याइरहेको छ जसको नाक नै चक्कु जस्तो छ, खल्तीबाट पनि रुपियाँ झरिरहेको छ, हातमा नोटका बिटा छ ।

यसरी विभिन्न प्रतीकको प्रयोग गरेर ५० वटै कार्टुनमार्फत भ्रष्टाचारविरुद्धका सन्देश प्रवाहित गरिएको छ । प्रतीकको छनोट र प्रयोगको प्रत्यक्ष प्रभाव सन्देशको प्रभावकारितामा पर्न गएको छ । परिचित र अडियन्सको मस्तिष्कले तत्कालै टिप्ने प्रकृतिको प्रतीकका कारण कतिपय कार्टुन असाध्यै बोधगम्य हुन पुगेका छन् ।

## निष्कर्ष

समग्रमा नेपाली कार्टुनिस्टहरूले सम्पादकीय कार्टुनमार्फत दृष्य भाषाको प्रयोग गर्दै प्रभावकारीरूपमा भ्रष्टाचार विरोधी मत प्रवाह गरेका छन् । बेथितिविरुद्ध रङ्ग, रेखा र शब्दमार्फत खबरदारी गरेका छन् । नेपाली समाजको रूपान्तरणका लागि पारदर्शिता र सुशासनको आवश्यकता छ

भन्ने सन्देश दिएका छन्। सार्वजनिक सेवा प्रवाह वा शासन/प्रशासनका सन्दर्भमा पारदर्शिता कायम गराउन कार्टुन सिर्जनाबाट पनि निर्वाह गर्न सकिन्छ भन्ने मिडियाको भूमिका देखाउन खोजेका छन्।

कार्टुनिस्टद्वारा प्रयुक्त नेपालको सामाजिक/सांस्कृतिक परिवेशमा परिचित प्रतीकहरूले कार्टुनलाई नेपाली समाजमा बोधगम्य बनाएका छन्। अधिकांश प्रतीकको स्रोत घरेलु संस्कृति र परिवेश रहेको देखिन्छ। त्यस्ता कार्टुन बोधगम्य र आकर्षक पनि देखिएका छन्। त्यसैगरी कतिपय प्रतीक शिक्षा, सम्पर्क वा बाह्य प्रभावका कारण बोधगम्य भएका हुन्छन्। उदाहरणका लागि आँखामा पट्टी लगाएकी र एउटा हातमा तराजु र अर्कोमा तरवार बोकेकी नारीको चित्रणका सन्दर्भमा लेडी जस्टिसको प्रतिमूर्तिको स्मरण हुन जानु स्वभाविकै छ। जहाँ न्याय प्रणालीको प्रसिद्ध सङ्केतका रूपमा सत्रौँ शताब्दीको प्रारम्भदेखि नै चिनिँदै आएको निर्मल दृष्टिकी ग्रिक देवी थेमिस र न्यायमा विवेकको प्रतिनिधित्व गर्ने रोमन देवी जस्टिसियाको प्रतिमूर्ति लेडी जस्टिसको चित्रणका आधारमा अर्थ निर्माण हुन जान्छ।

कतिपय प्रतीक आमनेपालीको मस्तिष्कमा नकुँदिएका वा स्मृतिपटलमा नरहेका पनि देखिएका छन्। निश्चय पनि त्यस्ता प्रतीकले विषयसँग *अडियन्स*लाई जोड्न सक्दैन वा राम्रोसँग जोड्न सक्दैन। आममानिसको कल्पनाशीलता भन्दा बाहिरका प्रतीकले अर्थ निर्माण प्रक्रियालाई जटिल बनाउन सक्छन्। फलस्वरूप केही कार्टुन अस्पष्ट हुन पुगेका छन्। आममानिस वा यस आलेखका सन्दर्भमा अडियन्सलाई ठम्याउन र सन्देश निर्माण गर्न कठिन हुने अस्पष्ट प्रतीकका कारण केही कार्टुनको सन्देश अस्पष्ट हुन पुगेको छ जसले गर्दा कार्टुनको प्रभावकारिता कम हुन सक्छ।

अमूर्त वा नेपाली सामाजिक/सांस्कृतिक परिवेश भन्दा बाहिरका प्रतीक प्रयुक्त भएका कारण केही कार्टुनको सन्देश अस्पष्ट हुन पुगेको हो। उदाहरणका लागि, नेपाली परिवेशमा कम परिचित रोबोट जस्तो देखिने रुपियाँ छाप्दै गरेको देखिने यन्त्रले के सङ्केत गर्न खोजेको हो भन्ने प्रष्ट छैन। त्यसैगरी कुनै कार्टुनमा प्रतीकको प्रयोग अधिक सङ्ख्यामा

गरिएका कारण सन्देश अस्पष्ट हुन पुगेको देखिन्छ । तर ध्यान दिएर पढ्ने वा हेर्ने अडियन्सका लागि त्यस्ता कार्टुनले भ्रष्टाचारविरुद्धको मत प्रवाहित गरेका छन् । प्रतीकका विविधताका कारण भ्रष्टाचारविरुद्ध बनाइएका अधिकांश कार्टुन आकर्षक र सन्देश प्रवाहमा प्रभावकारी भने देखिएका छन् । सचेत कार्टुनिस्टहरूको विकृति र विसङ्गतिप्रति तीखो व्यङ्ग्यवाण चलाएर सुशासन र पारदर्शिता कायम गराउने विश्वास भ्रष्टाचारविरुद्धका समसामयिक कार्टुनहरूमा प्रतिविम्बित भएको छ ।

## सन्दर्भ सामग्री


अविन । २०६१ । *अविनको कार्टुन कलेक्सन, भाग १* । काठमाडौँ : हाँस्य व्यङ्ग्य समाज ।

अर्याल, कुन्दन । २०५८ । *नेपाली प्रेसमा कार्टुन* । काठमाडौँ : नेपाल प्रेस इन्स्टिच्युट ।

अर्याल, कुन्दन । २०७५ । *नेपालमा कार्टुनकलाको इतिहास* । काठमाडौँ : नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान ।

आचार्य, रामकुमार । २०७९ । *नेपालमा भ्रष्टाचार : कारण र निवारण* । काठमाडौँ : रामकुमार आचार्य ।

थुम्केली, देवेन्द्र । २०७७, चैत ७ । कार्टुनको शक्ति । Retrieved March 21, 2023 from https://jhannaya.nayapatrikadaily.com/news-details/1123/2020-09-26

नेपाल, जगत । २०६३ । गृह मन्त्री हुने होडवाजी । *पत्रकारको खोजीमा बेथिति र भ्रष्टाचार* । काठमाडौँ : रिमेक नेपाल ।

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान । २०७२ । *नेपाली कार्टुनको एउटा कालखण्ड : वि.सं. २०४६ अघिका कार्टुन कार्टुनिस्ट* । काठमाडौँ : नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान र कार्टुनिस्ट क्लब अफ नेपाल ।

साथी हो । २०३२ । *आरती साप्ताहिक* । ०३२ भदौ २१ गते, वर्ष ८, अङ्क १९, पृ.२ ।

क्षितिज, वासु । २०७९ कात्तिक १९ । निसाना साँध्दै कार्टुनिस्ट, अन्नपूर्ण पोस्ट ।

Chadwick, Charles. 2018. *Symbolism*. London: Routledge.

Fiske, John. 1982. *Introduction to Communication Studies*, Second Edition. Routledge: New York.

History Teaching Institute, The Ohio State University, Editorial Cartoons: An Introduction Retrieved Feb 15, 2023 from https://hti.osu.edu/opper/editorial-cartoons-introduction

Kress, G. and Leeuwen TV. 1996. *Reading Images: The Grammar of Visual Design*. New York: Routledge.

McLuhan, Marshall. 1997. *Understanding Media: The Extension of Man*. London: The MIT Press.

McMahon, E., Day S. and Funk. R. . 1986. *Literature and the writing process*. Macmillan Publishing Company.

Mello, Bradford. Year 2012. *Quick Communicators: Editorial Cartoons in Communication Overdrive*. Communication Yearbook 21, ed. Michael Rolleff. London: Routledge.

Neuliep, J.W. . 2011. *Intercultural Communication: A Contextual Approach*, Fifth Edition. United States: Sage Publication.

Regmi, Ramkrishna. 2001. Firing corruption. Kathmandu: Transparency International Nepal.

Scott, C.P. 1997. *The Manchester Guardians First Hundred Years*. A Journalism Reader, ed. Michael Bromley and Tom O'Malley. New York: Routledge.

Thapa, Hari Bahadur. 2002. *Anatomy of Corruption*. Kathmandu: Sangeeta Thapa.

अनुसूची १ : **कार्टुनमा प्रयुक्त भ्रष्टाचारका प्रतीकहरू**

| क्र.सं. | कार्टुनिस्टको नाम | सुपरिचित प्रतीक | कम परिचित प्रतीक | अपरिचित प्रतीक | समग्र छाप |
|---|---|---|---|---|---|
| १. | आशीष खनाल | रुपियाँ वा नोटको चस्मा लगाएर नोटकै चट्टाइमा बसेको ६ वटा हात भएको व्यक्ति । उसका हातमा फस्टएड बक्स, रुख, नोट, कार, मोवाइल र पुस्तक छन् । | | | वहु प्रतीकको प्रयोग, सन्देश अस्पष्ट |
| २. | अविन श्रेष्ठ | ठूलो भुँडी भएको मान्छे र भारोत्तलक । | | | चित्रण आकर्षक, तर सन्देश प्रष्ट हुन नसकेको |
| ३. | अक्रिन | | | नोटको नली र सुँघेर खेतवारी तानिरहे जस्तो.. | अस्पष्ट |
| ४. | अनुप गुरुङ | उद्घाटन गर्दागर्दै ढलेको पुल | | | सुस्पष्ट सन्देश |
| ५. | अशोकमान सिंह | भादगाउँले टोपी लगाएर नोट चपाइरहेका सुङ्गुरका २ पाठा | | | आकर्षक र प्रष्ट |
| ६. | वामन चालिसे | व्यक्तिको आन्तरिक रूप दर्शाउने आफ्नै छाया | | | प्रष्ट |

| | | | | | |
|---|---|---|---|---|---|
| ७. | वासु क्षितिज | | | रुपियाँ भुँडीमा पुऱ्याउने अनौठो यन्त्र | प्रष्ट |
| ८. | वासु क्षितिज | तल र माथि दुवैतर्फ रुपियाँ भएको ब्रिफकेस जडित घुम्ने मेच | | | प्रष्ट |
| ९. | भानु भट्टराई | रुपियाँ चुहिरहेको निकै ठूलो थैलो | | | प्रष्ट |
| १०. | भानु भट्टराई | आँखामा नोटको पट्टी, दाहिने हातमा नोटको ब्रिफकेस र देब्रे हातमा तराजु जहाँ नोट र अभियुक्तको तौल न्याय भन्दा बढी देखाइएको छ । | | | बहुप्रतीक, तर कार्टुन आकर्षक र सन्देश प्रष्ट |
| ११. | वीरोचन मल्ल | न्यायकी प्रतिमूर्ति र तराजु | | रुपियाँ छाप्ने यन्त्र जस्तो देखिने हाते यन्त्र | एक अस्पष्ट र अर्को प्रष्ट प्रतीक, चित्र आकर्षक भए पनि सन्देश अस्पष्ट |
| १२. | विष्णु अथकमनु | बाल्टिन र गिलास | | पेटमा सार्कको जस्तो मुख भएको व्यक्ति | अस्पष्ट |
| १३. | विश्व थापा | कम्प्युटर | | | सुस्पष्ट |
| १४. | देव कोइमी | नोटका बिटा, थैला | | | सुस्पष्ट |
| १५. | देवेन्द्र थुम्केली | विद्यार्थी | | | सुस्पष्ट |

| | | | | | |
|---|---|---|---|---|---|
| १६. | देवेन्द्र थुम्केली | छाता, डुङ्गा, हिंसक जीव, ह्यान्डग्लास | | | बहुप्रतीकको प्रयोग, सुस्पष्ट सन्देश |
| १७. | दुर्गा बराल वात्सायन | आलिशान महल | | | सुस्पष्ट |
| १८. | दुर्गा बराल बात्सायन | आलिशान महल | | | सुस्पष्ट |
| १९. | गेहेन्द्रमान अमात्य | पानीमा पौडिरहेको माछा | | | सुस्पष्ट |
| २०. | जीवन राजोपाध्याय | रक्साहा, रक्सी, गरिष्ट भोजन, कमजोर व्यक्ति, रुखको हाँगा | | | बहुप्रतीकको प्रयोग, अस्पष्ट सन्देश |
| २१. | केशवराज खनाल | सिरिन्ज, क्याप्सुल, छाता, कोभिड-१९ जीवाणु र आराम कुर्सी | | | सरल र सुस्पष्ट |
| २२. | केशवराज खनाल | नाल आफैंतिर फर्किएको वन्दूक | | | स्पष्ट |
| २३. | केशवराज खनाल | ज्वालामुखी, पानी भरिएको बाल्टिन | | | स्पष्ट |
| २४. | कृष्णगोपाल श्रेष्ठ | खुड्किलोमा बिछ्याइएको रुपियाँ, बोर्ड र दीक्षान्त टोपी | | | अस्पष्ट |
| २५. | महेश बस्ताकोटी | विद्यार्थी, पुस्तक र झोला | | | स्पष्ट |
| २६. | मोहनश्याम महर्जन खोकना | अत्यधिक शृङ्गार (पति/पत्नी) | | | अस्पष्ट |
| २७. | पानसिंह तमोर | | अक्टोपस | | स्पष्ट |
| २८. | रवि मिश्र | पिसिआर ल्याब | | | अस्पष्ट |

| | | | | | |
|---|---|---|---|---|---|
| २९. | रवि मिश्र | | | रोबोट जस्तो देखिने रुपियाँ छाप्दै गरेको देखिने यन्त्र | अस्पष्ट |
| ३०. | रवि मिश्र | अथाह पानी, रुपियाँले भरिएको ब्रिफकेस | | | सुस्पष्ट |
| ३१. | रविन सायमि | जीर्ण चप्पल, चप्पलबाट उत्पन्न कीरा जस्तो मान्छे र रुपियाँले भरिएको ब्रिफकेस | | | सुस्पष्ट |
| ३२. | रवीन्द्र मानन्धर | धनु वाँण, दैत्य | | | सुस्पष्ट |
| ३३. | रविन्द्र मानन्धर | शपथ ग्रहण समारोह | | | सुस्पष्ट |
| ३४. | राजेश केसी | सम्पत्ति सार्वजनिकीकरण समारोह | | | सुस्पष्ट |
| ३५. | राजेश केसी | शहीदको सालिक | | | अस्पष्ट |
| ३६. | राजेश मानन्धर | अपरेसन थिएटर, अस्पताल शैया, कोभिड-१९ जीवाणु, थैला, कार, हवाईजहाज आदि | | | अत्यधिक प्रतीक प्रयोगका कारण अस्पष्ट हुन पुगेको सन्देश |
| ३७. | रामहरि रिमाल | तराजु | | | अस्पष्ट |
| ३८. | आरके थापा | दैत्यको जस्तो हात, हस्ताक्षर गर्न लागेको खल्ती भएको बाहुला लगाएको हात र रुपियाँ | | | स्पष्ट |

| | | | | | |
|---|---|---|---|---|---|
| ३९. | आरके थापा | अड्याइएको ठूलो भुँडी, लामो जिब्रो निल्न लागेको पुल, हवाईजहाज र ठूलो थैला | | | सुस्पष्ट |
| ४०. | सागर शाह | ठूलो ढुङ्गामा बाँधिएको खुट्टा | | | सुस्पष्ट |
| ४१. | सुर्दशन सिग्देल | विद्यार्थी, खाद्य सामग्री | | | सुस्पष्ट |
| ४२. | सुजिता महर्जन | रुपियाँले भरिएका बोरा, मुसा | | | सुस्पष्ट |
| ४३. | सुषमा राजभण्डारी | उड्ने बेलुन | | | सुस्पष्ट |
| ४४. | उमेशचन्द्र अधिकारी | नोटका बिटा भरिएको थैला र मुनि बसेको अजङ्गको सर्प | | | सुस्पष्ट |
| ४५. | उमेशचन्द्र अधिकारी | मालाले छोपिएको मानिसको टाउकोरूपी थैला जो बिटाका बिटा रुपियाँले भरिएको छ । | | | सुस्पष्ट |
| ४६. | योगेश्वर खपाङ्गी | अत्यधिक जरा फैलिएको रुख | | | सुस्पष्ट |
| ४७. | योगेश्वर खपाङ्गी | मानिस जस्तै देखिने तर कुरूप जीव | | | सुस्पष्ट |
| ४८. | सानुराज डङ्गोल | रकमले भरिएको ब्रिफकेस | | | सुस्पष्ट |
| ४९. | सानुराज डङ्गोल | चुलो, ताउलो र दैत्य | | | सुस्पष्ट |
| ५०. | नारदमणि हार्तमछाली | पहाड, घर, कार, राष्ट्रिय झण्डा आदि | | | अस्पष्ट |


न्यायकी देवी
अनुदान
भारोत्तोलन
भ्रष्टाचार
नियन्त्रण
यो के हो?
घुस।
हैन। औंला!
घुस
घुस
अनुदान
...म घुस खान्न...
...म घुस खान्न...
...भनेर झूटो शपथ खान मिलेन क्यारे।
शपथग्रहण
विद्यालय दिवा खाजा कार्यक्रम
खा
जा
यातायात कार्यालय
यो विदेशबाट मगाएको कम्प्युटर हो हेर्नुस यसलाई बीस हजार खुवाएपछि तीन वर्ष पछिको ट्रायल डेट फ्याट्टै एक हप्तामा ।
REMOVE IT
CORRUPTION
राजनीतिक दल
छानबिन
!?
भ्रष्टाचार
भ्रष्टाचारको वजन कम भयो । ताली !!!
भ्रष्टाचार
देश विकास बजेट

# भ्रष्टाचारविरुद्धका कार्टुन र प्रतीकको विविधता



# लेखक परिचय

**डा.कुन्दन अर्याल** : सहप्राध्यापक अर्याल पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालयका विभागीय प्रमुख तथा स्वतन्त्र पत्रकार हुन् ।

**चेतना कुँवर** : सेन्टर फर मिडिया रिसर्च-नेपालमा मिडिया अनुसन्धानमा संलग्न कुँवर काठमाडौं विश्वविद्यालयबाट विद्यावारिधि गर्दैछिन् ।

**जनार्दन नेपाल** : विभिन्न गैरसरकारी संस्थामा करिव दुई दशक अनुभव हासिल गरेका नेपाल विकास, परामर्श र अनुसन्धानको क्षेत्रमा सक्रिय छन् ।

**तिलक पाठक** : दुई दशक पत्रकारिताको अनुभव सङ्गालेका पाठक पत्रकारिताको अध्ययन-अध्यापन र अनुसन्धान क्षेत्रमा सक्रिय छन् ।

**तेजमान श्रेष्ठ** : संवैधानिक कानुन तथा अन्तर्राष्ट्रिय मानव अधिकार कानुनमा दख्खल राख्ने अधिवक्ता श्रेष्ठ नेपाल ल क्याम्पस, कानुन सङ्काय, त्रिभुवन विश्वविद्यालयमा उपप्राध्यापक छन् ।

**दीपक अर्याल** : दुई दशकदेखि पत्रकारिता तथा मिडिया अध्ययन-अध्यापनमा सक्रिय अर्याल अनुसन्धान र लेखनमा संलग्न छन् ।

**डा. दिपेशकुमार घिमिरे** : भ्रष्टाचार र अविकास शीर्षकमा विद्यावारिधि गरेका घिमिरे त्रिभुवन विश्वविद्यालय समाजशास्त्र केन्द्रीय विभाग कीर्तिपुरका उपप्राध्यापक हुन् ।

**भुवन केसी** : दुई दशक पत्रकारिताको अनुभव सङ्गालेका केसी मिडिया, राजनीतिलगायत विषयको अध्ययन तथा अनुसन्धानमा सक्रिय छन् ।

**राजीवरञ्जन सिंह** : त्रिभुवन विश्वविद्यालयबाट समाजशास्त्रमा स्नातक गरेका सिंह अनुसन्धानमा सक्रिय छन् ।

**सगुन लोथ्याल** : त्रिभुवन विश्वविद्यालय, पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागमा स्नातकोत्तर तह अध्ययन गरेकी लोथ्याल सेन्टर फर मिडिया रिसर्च-नेपालमा इन्टर्नका रूपमा काम गरेकी थिइन् ।

**हरिबहादुर थापा** : वरिष्ठ पत्रकार थापा राजनीति, प्रशासन र संसदीय ममिलासम्बन्धी पुस्तक लेखन तथा अनुसन्धानमा सक्रिय छन् ।

www.research.butmedia.org

9 789937 171359 >